सर्वोच्च अदालत, संयुक्त इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री कल्याण श्रेष्ठ

माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल

आदेश

०७२-WO-०३१३

विषयः उत्प्रेषणसमेत ।

राजु जैसवाल---------------------------------------------------------------------१ निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार, काठमाडौंसमेत---------------------१ विपक्षी

अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा छलफलका लागि पेस भएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरु श्री टंकप्रसाद दुलाल र श्री हरि फुयाँलले तथा विपक्षीहरुमध्ये प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतका तर्फबाट उपस्थित विद्वान् नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, विपक्षी काठमाडौं विश्वविद्यालयका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री निरञ्जन आचार्य, श्री प्रकाश राउत, श्री पूर्णमान शाक्य, विद्वान् अधिवक्ता श्री गोविन्द शर्मा बन्दी, विपक्षी नेपाल मेडिकल काउन्सिलका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री नारायणप्रसाद खनाल, विपक्षी काठमाडौं मेडिकल कलेजका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री नरेन्द्रप्रसाद गौतम, विपक्षी नोवेल मेडिकल कलेज र नेपाल मेडिकल कलेजका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा तथा विपक्षी नोवेल मेडिकल कलेजका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री रमेश कोइरालाले गर्नु भएको बहससमेत सुनियो ।

यसमा मागबमोजिम अन्तरिम आदेश जारी हुने नहुने तर्फ विचार गर्दा, नेपाली विद्यार्थीको हकमा काठमाडौं विश्वविद्यालयको मिति २०७२।५।२३ को कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित भर्ना सम्बन्धी सूचनाबाट **KUMET** परीक्षा पास गरे पश्चात् मिति २०७२।७।१ गतेको कार्यकारी परिषद्को निर्णयानुसार भनी उक्त प्रवेश परीक्षा उत्तिर्ण भएका विद्यार्थीलाई काठमाडौं विश्वविद्यालयसँग सम्बद्ध रहेका सूचिकृत कलेजहरुमा सम्पर्क गर्न जानु भनी भनेको र उक्त विश्वविद्यालयले सम्बद्ध कलेजलाई **KUMET**

को प्राप्ताङ्कलाई ७० प्रतिशत र सम्बन्धित विद्यार्थीले **I.Sc.** वा प्लस टु मा प्राप्त गरेको अंकलाई ३० प्रतिशत कायम गरी पुनः अंक निर्धारण गरी योग्यताक्रम तयार गर्न भनेको र सो आधारमा भर्ना लिन भनेको देखिन्छ । त्यसो गर्दा कलेजमा सम्पर्क गर्न आएका विद्यार्थीहरुको कलेज पिच्छे भिन्नभिन्न योग्यता सूची कायम भई योग्यतम् इच्छुक विद्यार्थीले भर्ना पाउन सक्ने निश्चितता हुन नसक्ने देखिन्छ ।

काठमाडौं विश्वविद्यालयको मिति २०७२।५।२३ को **MBBS** को भर्ना सम्बन्धी शुरु सूचना हेर्दा, प्रवेश परीक्षाको योग्यताक्रम बाहेक सम्बद्ध कलेजहरुमा भर्नाको लागि अन्य आधार नतोकिएकोमा प्रवेश परीक्षाको नतिजा प्रकाशित गरेपछि मिति २०७२।७।२ को कान्तिपुर दैनिक पत्रिमा सूचना प्रकाशित गरी सम्बद्ध कलेजहरुमा भर्नाको लागि सम्पर्क गर्दा प्रवेश परीक्षाको नतिजाको प्राप्ताङ्कलाई ७० प्रतिशतमात्र भार र **I.Sc.** वा प्लस टु लाई ३० प्रतिशत भार प्रदान गरी सो आधारमा योग्यता सूची तयार गर्ने गरी नयाँ आधार कायम गरेको आफ्नै उक्त पूर्व सूचनाभन्दा फरक र औचित्यपूर्णसमेत देखिएन ।

काठमाडौं विश्वविद्यालयले विदेशी विद्यार्थीहरुलाई **MBBS** तहमा भर्ना लिने सम्बन्धमा आफैले छुट्टै प्रवेश परीक्षा लिएको देखिँदैन । बरु आफूले अधिकार दिएको भनी सम्बद्ध कलेजहरुलाई नै प्रवेश परीक्षा लिने जिम्मा दिएको भनेको देखिन्छ । काठमाडौं विश्वविद्यालय ऐन, २०४८ को दफा ७(ख) बमोजिम नेपाल सरकारले दिएको निर्देशन पालना गर्नु विश्वविद्यालयको कर्तव्य हुन्छ । विश्वविद्यालयले स्वयत्तताको जिकिर लिए पनि यत्तिकै आधारले नेपाल सरकारले दिएको कानूनबमोजिमको निर्देशन पालना गर्नबाट छूट हुन सक्दैन । नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७२।६।१ को निर्णय अनुसार विदेशी विद्यार्थीको हकमा समेत राष्ट्रिय प्रवेश परीक्षा उत्तिर्ण गरेको हुनु पर्ने निर्णय गरिरहेको परिप्रेक्ष्यमा विश्वविद्यालयले आफूले लिनु पर्ने र लिन सक्ने प्रवेश परीक्षा नलिइ आफू सम्बद्ध कलेजको जिम्मा लगाएको कार्य नेपाल सरकारको कानूनबमोजिमको निर्देशन अनुकूल र औचित्यपूर्णसमेत देखिएन ।

तसर्थ, निवेदकले उठाएका विभिन्न प्रश्नहरु र माग गरेको विषयसमेतको हकमा निम्नबमोजिम गर्नू भनी विपक्षी काठमाडौं विश्वविद्यालय, शिक्षा मन्त्रालय तथा नेपाल मेडिकल काउन्सिलसमेतका नाउँमा यो अन्तरिम आदेश जारी गरिदिएको छः-

(क) नेपाली विद्यार्थीहरुको हकमा काठमाडौं विश्वविद्यालयले लिएको प्रवेश परीक्षाको नतिजाको आधारमा एकिकृत योग्यता सूची तयार पारी उक्त विश्वविद्यालयसँग सम्बद्ध कुन कलेजमा भर्ना

लिने वा पाइने भन्ने कुराको लागि आफैले योग्यता सूचीभित्रका विद्यार्थीहरुमध्ये क्रमानुसार **Councelling** गरी निश्चित गरी दिन उपयुक्त हुने हुँदा यथासम्भव सोही प्रक्रिया अपनाउनु, सो गर्न असुविधा हुने भई सम्बद्ध कलेजहरुलाई नै योग्यताक्रमभित्रका इच्छुक विद्यार्थीहरुमध्ये भर्ना दिने निर्णय गर्न छूट दिने भए इच्छुक विद्यार्थीहरुलाई भर्ना हुन आउनु पर्ने मनासिव अवधि किटी सार्वजनिक सूचना प्रकाशित गरी सम्पर्क गर्न आएका मध्ये तोकिएको सीट संख्याभित्र योग्यताक्रमानुसार भर्ना दिने व्यवस्था गर्नु गराउनू,

(ख) योग्यताक्रमानुसार भर्ना लिन आएका विद्यार्थीले भर्ना नपाई सो भन्दा पछाडिका क्रमकाले भर्ना पाएको वा योग्यतमलाई इन्कार गरेको भन्ने, बढी शुल्क माग गरेको भन्ने जस्ता सिकायतप्राप्त भएमा विश्वविद्यालयले उजूरी एवं गुनासो सुन्ने संयन्त्रमार्फत् आवश्यक निकासा दिने काम गर्नू,

(ग) विदेशी विद्यार्थीहरुको हकमा विश्वविद्यालयले नै आवश्यकता अनुसार विभिन्न केन्द्रहरु खडा गर्न सक्ने गरी विदेशीहरुको हकमा प्रवेश परीक्षा संचालन गरी नतिजा प्रकाशित गरी योग्यताक्रम तयार पारी भर्ना हुने कलेजका सम्बन्धमा निश्चित गरी दिई भर्ना प्रक्रिया पूरा गरी उपयुक्त उम्मेदवारलाई कायम राख्नु, सो विपरीत भर्ना प्रक्रिया अघि नबढाउनू, भएको भए रोक्नू र मान्यता नदिनू,

(घ) अधिकतम् शुल्कको हकमा नेपाल सरकारले तोकेको शुल्कभन्दा बढी नलिनू, सीट संख्याको हकमा काठमाडौं विश्वविद्यालय ऐन, २०४८ को दफा ७(ख) र नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा ७क(१)(ख), नेपाल मेडिकल काउन्सिल नियमावली, २०२४ को नियम २०ग को व्यवस्थाको अधिनमा रही कार्य गरेको तथा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७२।६।१ को निर्णयको पालना गरेकोमा बाहेक तोकिएको भन्दा बढी सीट तथा तोकिएको तरीकाबाट बाहेक गैरकानूनी भर्ना नलिनू, भर्ना प्रक्रिया अघि नबढाउनू, भर्ना लिन नदिनू, रोक्नू र मान्यता नदिनू,

यो आदेशको जानकारी विपक्षीहरुलाई दिई कानूनबमोजिम गर्नू ।

न्यायाधीश

प्रधान न्यायाधीश

इति संवत् २०७२ साल मंसिर महिना १५ गते रोज ३ शुभम्------------------------------------------